स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २ संख्या :२ मिति : २०७६/३/१

**भाग–२**

# ब्याकहो लोडर तथा यान्त्रिक उपकरण सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७६

यस बोगटान फुड्सिल गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडर तथा अन्य यान्त्रिक उपकरणहरुलाई सञ्चालन तथा व्यवस्थापन प्रक्रियालाई नियमित एवम व्यवस्थित गर्न वाञ्छनीय भएकोले बोगटान फुड्सिल गाउँकार्यपालिकाले यो ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन निर्देशिका, २०७६ जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :

१.१ यो निर्देशिकाको नाम ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन निर्देशिका २०७६ रहेको छ।

१.२ यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "निर्देशिका" भन्नाले ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन निर्देशिका २०७६ सम्झनु पर्छ।

ख) "गाउँपालिका" भन्नाले बोगटान फुड्सिल गाउँपालिकालाई सम्झनु पर्छ।

ग) "ब्याकहो लोडर" भन्नाले गाउँपालिकाको स्वामित्वमा रहेको सम्झनु पर्दछ ।

घ) "यान्त्रिक उपकरण" भन्नाले यस गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडर र गाउँपालिकामा रहेका अन्य यान्त्रिक शक्तिवाट संचालन हुने भाडा प्रयोजनका सवारी साधन सम्झनु पर्छ।

ङ) "समिति" भन्नाले ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

च) "सचिव" भन्नाले यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ।

छ) अन्य स्थानीय तह" स्थानीय तह यस जिल्लाको छिमेकी गाउँपालिका वा छिमेकी जिल्लाको गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ।

ज) "उपभोक्ता समिति" भन्नाले कुनै निश्चित प्रयोजनको लागि जिल्ला, गाउँपालिका वा वडा कार्यालयको पदाधिकारी संलग्न भई गठन भएको उपभोक्ता समिति सम्झनु पर्छ।

झ) "अन्य संस्था" भन्नाले जिल्ला स्थित नेपाल सरकारको कार्यालय, निजी क्षेत्र, नगरपालिका, गैर सरकारी संस्था, शिक्षण संस्था वा यस्तै अन्य संस्था सम्झनु पर्छ।

ञ) "कार्य दिन" भन्नाले दैनिक आठ घण्टाको समय सम्झनु पर्छ।

३. <u>निर्देशिकाको उद्देश्य</u> :

यस निर्देशिकाको उद्देश्यहरु देहाय वमोजिम हुनेछ :

क) ब्याकहो लोडर लगायत गाउँपालिकामा रहेको यान्त्रिक उपकरणहरुको संचालनवाट गाउँपालिकाको विकास निर्माण कार्यमा मद्दत पुर्याउने ।

ख) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको संचालन तथा व्यवस्थापनमा पारदर्शिता ल्याउने ।

ग) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको अधिकतम उपयोग गरी त्यसको उत्पादकत्वलाई न्यायोचित वितरण गर्ने ।

घ) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको मर्मत सम्हारमा मितव्ययिता कायम गर्ने ।

ङ) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको संचालन तथा व्यवस्थापनमा आर्थिक रुपले आत्मनिर्भरता कायम गर्ने

४. <u>ब्याकहो लोडर तथा यान्त्रिक उपकरणको संचालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था :</u>

४.१ यस निर्देशिकाको उद्देश्य प्राप्तिको लागि देहाय वमोजिमको एक ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन समिति रहनेछ :

| | | | |
|---|---|---|---|
| क) | गाउँपालिकाको अध्यक्ष | – | संयोजक |
| ख) | गाउँपालिकाको उपाध्यक्ष | – | सदस्य |
| ग) | गाउँपालिकाका अध्यक्षले तोकेका गाउँ पालिकाका २ जना | – | सदस्य |
| घ) | गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | – | सदस्य |
| ङ) | गाउँपालिकाको जिन्सी शाखा प्रमुख | – | सदस्य |
| च) | प्रमुख प्रशासकिय अधिकृत | – | सदस्य सचिव |

४.२ समितिको वैठक संयोजकको आदेशानुसार सदस्य–सचिवले बोलाउने छ र कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

४.३ समितिको वैठकमा संयोजकले आवश्यकता अनुसार अन्य व्यक्ति वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

५. <u>ब्याकहो लोडर तथा यान्त्रिक उपकरणको संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार</u> :

यस निर्देशिकाको अधीनमा रही ब्याकहो लोडर तथा यान्त्रिक उपकरणहरुको संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ :

क) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको संचालन तथा व्यवस्थापनको लागि वार्षिक बजेट (आय, व्यय) तर्जुमा गरी स्वीकृतिको लागि गाउँपालिका मार्फत गाउँसभामा सिफारिस गर्ने ।

ख) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको संचालन तथा व्यवस्थापनको लागि श्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने ।

ग) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको उपयोगको लागि माग भएका निवेदनहरुलाई यस निर्देशिकाको अधीनमा रही स्वीकृत गर्ने ।

घ) प्राथमकिताको आधारमा ब्याकहो लोडर र यान्त्रिक उपकरण सामानहरुको उपयोगको कार्य योजना बनाई स्वीकृत गर्ने ।

ङ) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको आवश्यक उपकरणहरु (पार्टसहरु) मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

च) ब्याकहो लोडर र यान्त्रिक उपकरणलाई चालु आवस्थामा राखी राख्न आवश्यकता अनुसार नियमित मर्मत, सम्भार तथा जांचको व्यवस्था मिलाउने ।

छ) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको संचालन तथा व्यवस्थापनमा आर्थिक दृष्टिकोणले आत्मनिर्भरता ल्याउने ।

ज) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको संचालन वा उपयोग सम्बन्धि कामको अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने र दुरुपयोग भएको देखिएमा त्यसलाई रोक्ने व्यवस्था मिलाउने ।

झ) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको संचालनमा संलग्न कर्मचारीको कार्य सन्तोषजनक नदेखिएमा कारवाहीको लागि सिफारिस गर्ने, संचालनको लागि आवश्यक कर्मचारीको व्यवस्थापन गर्ने ।

ञ) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको संचालन तथा व्यवस्थापन सम्बन्धि आई पर्ने अन्य नीति तथा कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने ।

ट) यस निर्देशिकामा तोकिएको अन्य काम गर्ने गराउने ।

६. <u>ब्याकहो लोडर तथा यान्त्रिक उपकरणहरुको संचालन सम्बन्धि नीति तथा प्राथमिकता</u> :

६.१ ब्याकहो लोडर तथा यान्त्रिक उपकरणहरुको संचालन सम्बन्धी नीति देहाय वमोजिम हुनेछ ।

क) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको उपयोग सामान्यतया गाउँपालिका भित्रका सडकहरुको निर्माण, मर्मत तथा सम्भारको लागि गरिनेछ । छिमेकी गाउँपालिका वा

नगरपालिकाबाट माग भई आएमा यस गाउँपालिकासंग जोडिने सडकहरुलाई उच्च प्राथमिकता दिई निर्माण तथा मर्मत सम्भारमा उपयोग गरिने छ ।

ख) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको सामान्यतया स्थानीय तह/वडा कार्यालयको सिफारिसमा उपभोक्ता समिति, संस्था वा निकायलाई भाडामा उपलब्ध गराईनेछ ।

ग) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरुको संचालनमा ब्याकहो लोडर एवं यान्त्रिक उपकरण को सुरक्षा सम्बन्धि कुरालाई ध्यान दिईनेछ ।

घ) ब्याकहो लोडर र यान्त्रिक उपकरणहरु सडक डिभिजन कार्यालयको सिफारिशमा सडक निर्माणका ठेकेदारहरुलाई समेत भाडामा उपलब्ध गराउन सकिनेछ ।

ङ) गाउँपालिका अन्तर्गतका वडा कार्यालय पुग्ने सडक बाहेक अन्य सडकको मर्मत सम्भार र निर्माण लगाएतका कार्यको लागि वडा कार्यालयको सिफारिस बिना ब्याकहो लोडर प्रयोग गरिने छैन ।

च) गाउँपालिका अन्तर्गत का वडाहरुसंग सिमाना जोडीएका अन्य छिमेकी गाउँपालिका वा नगरपालिकालाई एक्सकाभेटर भाडामा दिदाँ वडा कार्यालयको समन्वय, रेखदेख समेत हुनेगरी ब्यवस्था हुने छ ।

६.२ ब्याकहो लोडर तथा यान्त्रिक उपकरणहरु संचालन गर्दा देहायको योजनालाई प्राथमिकता दिइनेछ ।

क) यस गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएका योजना ।

ख) सङ्घीय सरकार, प्रदेश सरकारबाट संचालन भएका र छिमेकी जिल्ला, गाउँपालिका वा नगरपालिकाको संयुक्त हितलाई जोड दिने योजना ।

ग) अन्य संस्थाको श्रोत तथा साधनवाट संचालन गरिने योजना ।

घ) यस गाउँपालिकाको कुनै वडासंग जोडिने छिमेकी गाउँपालिकाको सडक निर्माण र मर्मत (भाडामा प्रयोग दिन) को लागि ।

ङ) खण्ड (क), (ख), (ग) र (घ) अन्तरगत परेका योजनाहरुमध्ये बढी जनसहभागिता जुटाउने योजनालाई क्रमश: अघिल्लो प्राथमिकतामा राखिने छ ।

७. <u>ब्याकहो लोडर तथा यान्त्रिक उपकरणहरुको माग तथा संचालन गर्ने कार्यविधि</u> :

७.१ ब्याकहो लोडर तथा यान्त्रिक उपकरणहरुको माग गर्ने उपभोक्ता समिति, निकाय वा संस्थाका अध्यक्षले देहायको विवरण संलग्न गरी अनुसूचि–१ को ढांचामा निवेदन दिनु पर्नेछ :

क) सम्बन्धित उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपि ।

ख) योजना स्वीकृत भएको पत्र तथा स्टीमेट ।

ग) सम्बन्धित स्थानीय तह वा सरकारी निकायको सिफारिस ।

घ) योजना संचालनमा जनसहभागिताको परिमाण र सहभागिताको प्रतिबद्दता भएको निर्णय ।

७.२ ब्याकहो लोडर तथा यान्त्रिक उपकरणहरु माग सम्बन्धि निवेदन समितिवाट स्वीकृत भएपछि सो को जानकारी उपभोक्ता समिति वा सम्बन्धित सरकारी निकाय वा संस्थालाई दिईनेछ । यसरी जानकारी प्राप्त गरेपछि उपभोक्ता समिति वा अन्य निकाय वा संस्थाका अध्यक्ष वा अधिकार प्राप्त व्यक्तिले भाडा वापत प्रति कार्य दिनको देहायको दरले हुन आउने एकमुष्ठ रकम यस गाउँपालिकाको ब्याकहो लोडर तथा यान्त्रिक उपकरण सञ्चालन तथा व्यवस्थापन समितिको खातामा वा कुल भाडा रकमको उपभोक्ता समितिको हकमा १५ प्रतिशत र अन्य पक्षको लागी २० प्रतिशत रकम धरौटी वा बैङ्क जमानत वापत थप जम्मा गर्नु पर्नेछ । धरौटीको म्याद सकिनु अघि गाउँपालिकाको योजना शाखाबाट सम्बन्धीत पक्षलाई सूचना दिईनेछ । तर गाउँपालिकाबाट बिनियोजित योजनाहरुको यसै कार्यालयबाट हुने भुक्तानीमा धरौटी रकम राख्नु पर्ने छैन ।

| क्र.सं. | मेशिनीरी | समय | रकम |
|---|---|---|---|
| १. | ब्याकहो लोडर | प्रति घन्टा | १५००।– |

७.३ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण सञ्चालन तथा व्यवस्थापन समितिको खातामा रकम जम्मा गरेपछि उपभोक्ता समितिका अध्यक्ष वा सबन्धित निकाय वा संस्थाका प्रमूखले अनुसूचि–२ वमोजिमको सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

७.४ ब्याकहो लोडर तथा यान्त्रिक उपकरणहरुको संचालन अवधिमा लाग्ने डिजल, मोविल, ग्रीज आदि खर्च (ब्याकहो लोडर एवं यान्त्रिक उपकरण योजना स्थलमा ल्याउने लैजाने समेत) सम्बन्धित उपभोक्ता समिति वा संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

७.५ गाउँपालिका कार्यालय वा रहिरहेको स्थानवाट योजना स्थल सम्म ब्याकहो लोडर र यान्त्रिक उपकरणहरु ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

७.६ उपभोक्ता समिति वा अन्य संस्था वा निकायले एक्सकाभेटर र यान्त्रिक उपकरणहरु भाडामा लगेको अवस्थामा बन्द, हडताल, बिग्रिएको अबस्था वा काबु बाहिरको परिस्थिती बाहेक सम्बन्धित पक्षको लापरबाहीको कारणले ब्याकहो लोडर र यान्त्रिक उपकरणहरु संचालन हुन

नसकी त्यत्तिकै बसेको दिनमा पनि निर्धारित भाडाको प्रति दिनको १० (दश) प्रतिशतका दरले भाडा लाग्नेछ।

७.७ ब्याकहो लोडर तथा यान्त्रिक उपकरणहरु संचालन गरे वापत एक्सकाभेटर वा यान्त्रिक उपकरण अपरेटर र हेल्परलाई निम्नानुसार प्रति कार्य दिनको हिसाबले सम्बन्धित निकाय, संस्था वा उपभोक्ता समितिले भत्ता दिनु पर्नेछ।

| | | | |
|---|---|---|---|
| अपरेटर (ब्याकहो लोडर) ले गाउँपालिकाको आफ्नै स्रोतसाधनमा तथा गाउँपालिकाबाट बिनियोजित रकमको योजनामा काम गरेमा | प्रति घन्टा रु.२००।- | हेल्पर | प्रति घन्टा रु.१००।- |
| अपरेटर(ब्याकहो लोडर) गाउँपालिकाको आफ्नै स्रोत भन्दा भिन्नै रुपमा काम गरेमा | आपसी सम्झौता अनुसार | हेल्पर | आपसी सम्झौता अनुसार |

८. <u>ब्याकहो लोडर तथा यान्त्रिक उपकरणको लगबुक राख्नुपर्ने</u> :

ब्याकहो लोडर तथा यान्त्रिक उपकरण सञ्चालन गर्दा अनुसूची–३ को ढांचामा लगवुक राख्नु एक्सकाभेटर तथा यान्त्रिक उपकरण सञ्चालन गर्ने अपरेटरको कर्तव्य हुनेछ। उक्त लगबुगमा सम्बन्धित उपभोक्ता समितिका अध्यक्ष, निकाय वा संस्थाका प्रमुख समेतले प्रमाणित गर्नुपर्नेछ।

९. <u>म्याद थप गर्न सक्ने</u> :

९.१ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण भाडामा लिएका उपभोक्ता समितिले आफूले मागेको कार्य दिन भन्दा थप कार्य दिनको लागि आवश्यक भएमा सो को कारण तथा औचित्य सहित म्याद सकिनु भन्दा कम्तीमा तीन दिन अगावै म्याद थपको निवेदन दिनुपर्नेछ।

९.२ म्याद थपको लागि प्राप्त निवेदनमा समितिले छलफल गरी माग उचित तथा आवश्यक देखेमा आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ।

१०. <u>ब्याकहो लोडर एवं यान्त्रिक उपकरण मर्मत सम्बन्धि व्यवस्था :</u>

ब्याकहो लोडर एवं यान्त्रिक उपकरण विग्रिएर मर्मत गर्नुपर्ने भएमा कुन कुन कुराको मर्मत सम्भार गर्नुपर्ने हो वा फेरवदल गर्नु पर्ने हो सो को विवरण सम्बन्धित अपरेटरले समितिका सदस्य–सचिव समक्ष निवेदन दिनुपर्नेछ। अपरेटरको निवेदन प्राप्त भएपछि सदस्य–सचिवले सम्बन्धित अनुभवी विशेषज्ञवाट परामर्शदाता तोकिएका

प्राविधिकवाट मर्मत सम्भारको लागत अनुमान तयार गर्न लगाई समितिमा पेश गर्नुपर्नेछ । समितिको सिफारिशमा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतले प्रचलित कानुन वमोजिम मर्मत तथा सम्भार गराउनु पर्नेछ ।

११. <u>समितिको कोष तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था</u> :

११.१ समितिको कोषमा देहायका रकमहरु रहनेछन :

क) गाउँपालिकाको गाउँसभबाट ब्याकहो लोडर एवं यान्त्रिक उपकरणहरु संचालनको लागि प्राप्त रकम ।

ख) ब्याकहो लोडर एवं यान्त्रिक उपकरण माग गर्ने उपभोक्ता समिति वा संस्था वा निजी क्षेत्रवाट प्राप्त रकम ।

ग) ब्याकहो लोडर एवं यान्त्रिक उपकरण संचालनको लागि नेपाल सरकार वा अन्य संघ संस्थावाट प्राप्त रकम ।

घ) ब्याकहो लोडर एवं यान्त्रिक उपकरण वा ब्याकहो लोडर को पार्टपुर्जा विक्री तथा लिलामीवाट प्राप्त रकम ।

ङ) ब्याकहो लोडर सम्बन्धी बिभिन्न प्रयोजनको रकम ।

११.२ समितिको कोषको रकम एउटा छुट्टै खाता खोली गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतवाट संचालन गरिनेछ ।

११.३ ब्याकहो लोडर बाट प्राप्त भएको आम्दानी रकम महिनाको अन्तिम दिन महिना भरी प्राप्त भएको रकम अर्को महिनाको १ गतेभित्र अनिबार्य रुपमा न्यूनतम ५०% रकम समितिको कोषमा दाखिला गर्नु पर्ने छ । यसरी कोषमा जम्मा भएको रकम आवश्यकता बमोजिम गाउँकार्यपालिकाको निर्णय अनुसार सञ्चित खातामा सार्ने व्यवस्था मिलाईनेछ ।

११.३ समितिको अन्य आर्थिक व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

१२. <u>अन्य संस्थालाई ब्याकहो लोडर एवं यान्त्रिक उपकरण भाडामा दिने सम्बन्धी व्यवस्था</u> :

१२.१ अन्य संस्थाले आफनो कामको शिलशिलामा ब्याकहो लोडर एवं यान्त्रिक उपकरण भाडामा लिन चाहेमा अनुसूची–१ वमोजिमको ढांचामा देहायको विवरण संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।

क) प्रचलित कानून वमोजिम दर्ता वाला संस्था, कम्पनी वा फर्म भए सो को प्रमाण–पत्र ।

ख) ब्याकहो लोडर एवं यान्त्रिक उपकरण प्रयोग हुने योजना वा कार्यको स्पष्ट विवरण ।

ग) सरकारी योजना भए ठेक्का स्वीकृत भएको पत्र तथा स्टीमेट ।

१२.२ ब्याकहो लोडर एवं यान्त्रिक उपकरण माग तथा संचालन सम्बन्धि अन्य कुरा यस निर्देशिकाको प्रकरण ७, ८ र ९ वमोजिम हुनेछ ।

१३. <u>ब्याकहो लोडर एवं यान्त्रिक उपकरण संचालनको सुपरीवेक्षण तथा अनुगमन</u> :

१३.१ ब्याकहो लोडर एवं यान्त्रिक उपकरण प्रयोग भईरहेको कार्यको सुपरीवेक्षण तथा अनुगमन समितिका सदस्य–सचिव वा निजले तोकेको व्यक्तिले गर्नेछ ।

१३.२ ब्याकहो लोडर एवं यान्त्रिक उपकरण संचालनमा संलग्न कर्मचारीको रेखदेख तथा नियन्त्रण समितिका सदस्य–सचिवले गर्नेछ ।

१४. <u>अन्य कार्यमा खर्च गर्न नपाईने</u> :

समितिको कोषको रकम यस निर्देशिका वमोजिम ब्याकहो लोडर एवं यान्त्रिक उपकरणको संचालन, व्यवस्थापन, मर्मत सम्भार र ब्याकहो लोडर एवं यान्त्रिक उपकरण संचालनमा संलग्न अपरेटर तथा हेल्परको तलब भत्तामा तथा सो सम्बन्धी कार्यमा मात्र खर्च गर्न पाईनेछ ।

१५. <u>सम्पर्क शाखा</u> :

गाउँपालिकाको स्टोर व्यवस्थापन गर्ने ईकाइले ब्याकहो लोडर एवं यान्त्रिक उपकरणको संचालन तथा व्यवस्थापन सम्बन्धमा सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ ।

१६. <u>अधिकार प्रत्यायोजन</u> :

यस निर्देशिका वमोजिम समितिलाई भएको केहि अधिकार समितिले शर्त तोकी वा नतोकी समितिका संयोजक वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. <u>निर्देशिकामा संशोधन</u> :

समितिको सिफारिसमा यस निर्देशिकालाई गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१८. <u>विमा सम्बन्धि व्यवस्था</u> :

समितिले जोखिम व्यवस्थापन गर्नको लागी ब्याकहो लोडर वा हेवी मेशिनीरीहरु वा यान्त्रिक उपकरण वा ब्याकहो लोडर अपरेटर र हेल्पर समेतको बिमा गर्न सक्नेछ ।।

१९. <u>खारेजी तथा बचाउ तथा अन्य व्यवस्था</u> :

१८.१ ब्याकहो लोडर एवं यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन सम्बन्धी गाउँकार्यपालिका बाट यस अघि भएका निर्णयहरु यो निर्देशिका जारी भएको मिति देखी खारेज हुनेछन् ।

१८.२ यो निर्देशिका जारी गर्नु अघी ब्याकहो लोडर एवं यान्त्रिक उपकरण संचालन र व्यवस्थापन सम्बन्धी गाउँपालिकाबाट भए गरेका काम कुराहरु यसै निर्देशिका वमोजिम भए गरेको मानिनेछ ।

१८.३ यो निर्देशिकाको कार्यन्वयनमा कुनै बाधा व्यवधान सिर्जना भएको खण्डमा गाउँ कार्यपालिकाको निर्णय द्धारा बाधा अड्काउ फुकाउन सकिनेछ ।

१८.४ यो निर्देशिकाको नेपालको कुनै प्रचलित कानून बमोजिम बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतह् खारेज हुनेछ ।

अनुसूचि–१

(निर्देशिकाको प्रकरण ७.१ संग सम्बन्धित)

## ब्याकहो लोडर तथा यान्त्रिक उपकरण सम्बन्धि निवेदनको ढांचा

श्रीमान् संयोजक ज्यू,
ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन समिति,
बोगटान फुड्सिल गाउँपालिका ।

विषय : ............................. भाडामा उपलब्ध गराईदिने सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा यो निवेदन गर्दछु कि देहायको योजना/कामको लागि त्यस गाउँपालिकाको ब्याकहो लोडर /यान्त्रिक उपकरण ........ कार्य दिनको लागि ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन निर्देशिका, २०७५ वमोजिम उपलब्ध गराई सहयोग गरिदिनुहुन अनुरोध छ । साथै समितिवाट ब्याकहो लोडर /यान्त्रिक उपकरण उपलब्ध गराउने जानकारी प्राप्त भएपछि निर्देशिकामा गरिएका सम्पूर्ण प्रावधानहरुलाई पूर्णतया पालना गर्ने गराउने छु ।

१. उपभोक्ता समिति/संस्थाको नाम:

२. ब्याकहो लोडर/यान्त्रिक उपकरण उपयोग गर्ने योजनाको नाम :

३. योजनाको कुल लागत : रु.

  ३.१ लागत व्यहोर्ने श्रोत तथा रकम :
    ३.१.१
    ३.१.२
  ३.२ जनसहभागिताको परिमाण :
    ३.२.१
    ३.२.२

४. ब्याकहो लोडर/यान्त्रिक उपकरण उपभोग गर्ने स्थान:
  ४.१ गा.पा./न.पा. :
  ४.२ वडा नं. :
  ४.३ स्थान :

निवेदक

दस्तखत:

नाम, थर :

पद :

वतन :

मिति :

संलग्न कागजात:

क) उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपी ।
ख) योजना स्वीकृत भएको पत्र तथा इस्टीमेट ।
ग) सम्बन्धित स्थानीय निकायको सिफारिस ।
घ) सम्बन्धित निकाय वा संस्थाको सिफारिस ।

अनुसूचि–२
(निर्देशिकाको प्रकरण ७.३ संग सम्बन्धित)
बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन सम्झौता पत्रको ढांचा

यस गाउँपालिकाको ब्याकहो लोडर तथा यान्त्रिक उपकरण देहायको आयोजनामा देहायको शर्त तथा बन्देजको अधीनमा रही भाडामा संचालन गर्न गराउन यो सम्झौता गरिएको छ।

१. सम्झौता गर्ने पक्षहरुको विवरण :

 १.१ बोगटान फुड्सिल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय डोटी।

 १.२

 १.३

२. आयोजनाको विवरण :

 २.१ आयोजनाको नाम:

 २.२ आयोजनाको स्थल:

  २.२.१ गा.पा./न.पा. :

  २.२.२ वडा नं. :

  २.२.३ स्थान :

 २.३ आयोजनाको कूल लागत : रु.

  २.३.१ लागत व्यहोर्ने श्रोत तथा रकम:

   २.३.१.१

   २.३.१.२

   २.३.१.३

  २.३.२ जनसहभागिताको परिमाण:

३. ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन समितिवाट स्वीकृत भएको मिति :

४. ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन गर्ने विवरण :

४.१ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन गर्ने कार्य दिन : ..............

४.२ ब्याकहो लोडर /यान्त्रिक उपकरण संचालन गर्ने कार्य अवधि: मिति २०.... / / देखि २०... / / सम्म।

४.३ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन गर्ने लैजाने दिनसम्म संचालित कार्य घण्टा ...........

५. ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन कोषमा धरौटी बापत प्राप्त रकम: रु. .............. मिति २०.... / /

६. सम्झौतापत्रका शर्तहरु :

६.१ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण माग गर्ने उपभोक्ता समिति/संस्थाले यस सम्झौता पत्रमा तोकिएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि ब्याकहो लोडर तथा यान्त्रिक उपकरण उपयोग गर्नु पर्नेछ।

६.२ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण माग गर्ने उपभोक्ता समिति/संस्थाले ब्याकहो लोडर तथा यान्त्रिक उपकरण प्राप्त गरे पछि व्यवस्थापनमा खटिने कर्मचारीहरु र सवारीको सुरक्षाको व्यवस्था गर्नु पर्नेछ।

६.३ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन अवधिमा लाग्ने डिजल, मोविल, ग्रिस, ईन्धन खर्चको व्यवस्था सम्बन्धित उपभोक्ता समिति वा संस्थाले गर्नुपर्नेछ।

६.४ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण रही रहेको स्थानवाट ब्याकहो लोडर तथा यान्त्रिक उपकरण योजना स्थलसम्म ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले आफैले व्यहोर्नु पर्नेछ।

६.५. ब्याकहो लोडर तथा यान्त्रिक उपकरणका अपरेटरले संचालन गर्दा भरेको लगवुकमा सम्बन्धित उपभोक्ता समितिका अध्यक्ष वा संस्थाको प्रमुख समेतले प्रमाणित गर्नुपर्नेछ।

६.६ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन वा उपयोग सम्बन्धि कार्यको अनुगमन तथा सुपरिवेक्षण समिति वा सदस्य सचिवले गर्न वा गराउन सक्नेछ।

६.७ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालनमा दुरुपयोग भएमा वा कुनै विवाद सिर्जना भई ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन गर्ने सक्ने स्थिति नभएमा वा ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालनमा संलग्न कर्मचारीको सुरक्षा बारे समस्या देखिएमा ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन समिति वा सदस्य सचिवले तत्काल ब्याकहो लोडर तथा यान्त्रिक उपकरणलाई फिर्ता बोलाउन सक्नेछ। यस्तो अवस्थामा सम्बन्धित उपभोक्ता समिति वा संस्थाले समेत तत्काल ब्याकहो लोडर तथा यान्त्रिक उपकरण फिर्ता गराउनु पर्नेछ।

६.८ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन सम्बन्धमा उपभोक्ता समिति वा संस्था र ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन व्यवस्थापन समिति वीच विवाद उत्पन्न भएमा ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।

६.९ ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन भएको २५० देखि ३०० घण्टाको वीचमा सर्भिसिङको व्यवस्था दक्ष, अनुभवी प्राविधिकवाट स्वयं उपभोक्त/संस्थाले आफ्नै श्रोतवाट गराउनु पर्नेछ । तर हाईड्रोलिक प्रयोग भएको वा ब्रेकर प्रयोग भएको अवस्थामा प्रत्येक १२५ घण्टमा मेशिनको सर्भिसिङ गर्नुपर्नेछ । सर्भिसिङ नभएको कारणले मेशिनमा कुनै समस्या आएमा सो को जवाफदेहि सम्बन्धित पक्षनै हुनुपर्नेछ।

६.१० ब्याकहो लोडर तथा यान्त्रिक उपकरणको भाडा प्रति कार्यदिन २००००।– बीस हजार मात्र लाग्नेछ । ब्रेकर प्रयोग भएकोमा नियमानुसार अतिरिक्त थप भाडा लाग्नेछ साथै धरौटी बापत बीस प्रतिशत रकम थप राख्नुपर्नेछ । सो वाहेक अन्य करहरु सम्बन्धित व्यक्ति संस्था वा फर्म स्वयंले तिर्नु पर्नेछ । (प्रति दिन भन्नाले ८ घण्टा लाई बुझाउनेछ) कार्यदिन भन्दा बढी प्रयोग भएमा प्रति घन्टा ३०००।– का दरले थप भाडा तिर्नुपर्नेछ । ब्याकहो लोडर प्रयोगबापतको नियमानुसार कार्यालयलाई गर्नुपर्ने भुक्तानी रकम मेसिन प्रयोग भएको लगबुक र योजना सम्पन्न भएको आवश्यक प्रमाणको आधारमा समितिको खातामा जम्मा गरी बाँकी रकम उपभोक्ता समितिलाई भुक्तानी गरिनेछ ।

६.११ यान्त्रिक कारण वा भवितव्य परी काबु बाहिरको परिस्थितमा ब्याकहो लोडर तथा यान्त्रिक उपकरण नचलेमा अपरेटर तथा सम्बन्धित उपभोक्ता, संस्था वा फर्मले प्रमाणित गरी तत्कालै कार्यालयमा जानकारी गराई प्रमाणित गरी राख्नुपर्नेछ । सम्बन्धित पक्षको लापरबाहीको कारणले ब्याकहो लोडर र यान्त्रिक उपकरणहरु संचालन हुन नसकी त्यत्तिकै बसेको दिनमा पनि निर्धारित भाडाको प्रति दिनको १० (दश) प्रतिशतका दरले भाडा लाग्नेछ ।

६.१२ अन्य कुराको हकमा एक्सकाभेटर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन निर्देशिका, २०७५वमोजिम हुनेछ । उपरोक्त वमोजिम कार्य गर्न हामी निम्न पक्षहरु मंजुर गर्दछौं ।

| ब्याकहो लोडर तथा यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन समितिको तर्फबाट | **मेसिन उपकरण भाडामा लिनेको तर्फवाट** |
| --- | --- |
| **नामः** | **नामः** |
| **पद : सदस्य सचिव** | **दर्जा :** |
| **सही :** | **सही :** |
| **कार्यालयको छाप :** | **संस्थाको छाप :** |
| **मिति :** | **मिति :** |

| साक्षी | साक्षी |
| --- | --- |
| १. | १. |
| २. | २. |

अनुसूचि–२

(निर्देशिकाको प्रकरण ८ संग सम्बन्धित)

बोगटान फुड्सिल गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### व्याकहो लोडर तथा यान्त्रिक उपकरण प्रयोग सम्बन्धी लगबुक

योजनाको नाम :

उपभोक्ता समिति वा संस्थाको नाम:

योजना स्थल (गा.पा./न.पा वडा समेत):

सम्झौता मिति :

सम्झौता अवधि ........................... देखि ............................. सम्म जम्मा दिन ........................

| क्रं सं. | ....... प्रयोग भएको मिति | समय | | | ईन्धन तथा अन्य लुब्रिकेन्टस खपत विवरण | | | | | सम्झौता अवधिमा ....... प्रयोग हुन नसकेमा | | | | अपरेटरको दस्तखत | अध्यक्ष वा प्रमुखको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य समय | डिजल | मोविल | ग्रिज | सि आयल | अन्य | प्रयोग हुन नसक्नुका कारण | समय | | | | | |
| | | | | | | | | | | | देखि | सम्म | जम्मा कार्य समय | | | |
| | | | | | | | | | | | | | | | | |

आज्ञाले,

शंकर सचिकार

प्रमुख प्रशासकिय अधिकृत